सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी नेपाल

प.स.०८२/८३
च.नं. ९४०

मितिः२०८२/०९/०८

विषयः सूचना टाँस गरि दिने बारे।

श्री शिखर न.पा., डोटी
श्री पुर्बिचौकी गा.पा.,डोटी
श्री सायल गा.पा.,डोटी
श्री के.आई.सिंह गा.पा.,डोटी
श्री आदर्श गा.पा.,डोटी
श्री जोरायल गा.पा.,डोटी
श्री बोगटान फुडशिल गा.पा.,डोटी
श्री वडीकेदार गा.पा.,डोटी

प्रस्तुत विषय सम्बन्धमा कृषि ज्ञान केन्द्र डोटीको आ.व. २०८२/८३ मा संचालन गर्नुपर्ने वार्षिक कार्यक्रमको सुचनाहरु यसै पत्र साथ संलग्न राखिएको छ । उक्त सूचना तँहा पालिका र पालिकाको वडा कार्यालयहरुमा टाँस गरि कृषकहरु लाई जानकारी गराई दिन हुनका साथै आवेदन संकलनमा सहजीकरण गरिदिन हुन तँहा पालिकाको कृषि बिकास शाखालाई अनुरोध गरिदिन हुन अनुरोध गर्दछु ।

मनिषा गुरुङ्ग
(निमित्त कार्यालय प्रमुख
निमित्त कार्यालय प्रमुख



CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी, नेपाल

प.स.०८२/८३
च.नं.:

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०९/०८)

कृषि ज्ञान केन्द्र, डोटीको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम सम्वन्धित क्षेत्रका ईच्छुक कृषक समूह/सहकारी/कम्पनी तथा कृषि फर्म/उद्यमी व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०९/१४ भित्र यस कार्यालय वा सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा आवश्यक कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

(मनिप्रा गुरुङ्ग)
निमित्त कार्यालय प्रमुख

तपसिल:

| सि न | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रम संचालन हुने वाली | न्युनतम मापदण्ड |
|---|---|---|---|---|
| १ | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (आदर्श गाउँपालिका - फलफूल) | आदर्श गा पा | फलफूल | व्यक्तिगत/फर्मको हकमा कम्तिमा १०० बोट र सामुहिक/सहकारिको हकमा कम्तिमा १००० बोट |
| २. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (शिखर नगरपालिका - फलफूल) | शिखर न पा | फलफूल | व्यक्तिगत/फर्मको हकमा कम्तिमा १०० बोट र सामुहिक/सहकारिको हकमा कम्तिमा १००० बोट |
| ३. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (सायल गाउँपालिका - आलु) | सायल गा पा | आलु | व्यक्तिगत/फर्मको हकमा कम्तिमा ५ रोपनी र सामुहिक/सहकारिको हकमा ५० रोपनि खेति गर्नु पर्ने |


सम्पर्क नं.०९४-४११९२६ ईमेल : dotiakc@gmail.com , Website: doti.akc.gov.np

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी नेपाल

प.स.०८२/८३
च.नं.:

| | | | | |
|---|---|---|---|---|
| ४. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (के. आइ. सिंह. गाउँपालिका -तरकारी ) | के. आइ. सिंह. गाउँपालिका | तरकारि | <u>तरकारि खुला खेतिको हकमा:</u> व्यक्तिगत/फर्मको हकमा २ रोपनी र सामुहिक/सहकारिको हकमा २० रोपनि <u>तरकारि संरक्षित संरचनाको लागी:</u> व्यक्तिगत/फर्मको हकमा३०० वर्ग मिटर र ३००० वर्ग मि |
| ५. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (बडीकेदार गाउँपालिका- सुन्तलाजात फलफुल) | वडीकेदार गाउँपालिका | सुन्तलाजात फलफूल | <u>व्यक्तिगत/फर्मको हकमा</u> कम्तिमा १०० वोट र <u>सामुहिक/सहकारिको हकमा</u> कम्तिमा १००० वोट |
| ६. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (पूर्बि चौकी गाउँपालिका - भटमास) | पूर्बि चौकी गाउँपालिका | भटमास | <u>व्यक्तिगत/फर्मको हकमा</u> कम्तिमा ५ रोपनी र <u>सामुहिक/सहकारिको हकमा</u> ५० रोपनि खेति गर्नु पर्ने |
| ७. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (बोगटान फुडसिल- गाउँपालिका अदुवा/बेसार) | वोगटान फुडसिल गाउँपालिका | अदुवा।वेसार | <u>व्यक्तिगत/फर्मको हकमा कम्तिमा</u> ५ रोपनी र <u>सामुहिक/सहकारिको हकमा</u> ५० रोपनि खेति गर्नु पर्ने |
| ८. | स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम (जोरायल गाउँपालिका- तरकारी ) | जोरायल गाउँपालिका | तरकारी | <u>तरकारि खुला खेतिको हकमा:</u> व्यक्तिगत/फर्मको हकमा २ रोपनी र सामुहिक/सहकारिको हकमा २० रोपनि <u>तरकारि संरक्षित संरचनाको लागी:</u> व्यक्तिगत/फर्मको हकमा ३०० वर्ग मिटर र सामुहिक/सहकारिको हकमा ३००० वर्ग मि |

निमित्त कार्यालय प्रमुख

**आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:**


सम्पर्क नं.०९४-४११११२६ ईमेल : dotiakc@gmail.com , Website: doti.akc.gov.np

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी नेपाल

प.स.०८२/८३
च.नं.:

**आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:**

१. कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारेको निवेदन (रु. १० को हुलाक टिकट सहित)।

२. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम को अनुसूचि ५ बमोजिमको ढाँचामा पुर्ण विवरण भरिएको प्रस्ताव फाराम ।

३. लाभान्वित हुने कृषकहरुको विवरण र कार्यक्रम संचालनका लागि चाहिने न्युनतम जमिनको क्षेत्रफलको आधिकारिकता खुल्ने प्रमाणको प्रतिलिपि ।

४. सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा वा सम्वन्धित वडा कार्यालयको सिफारिस ।

५. कृषक समूह/सहकारी/फर्मको दर्ता प्रमाण-पत्र, स्थाइ लेखा नम्बर र कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

६. कृषक समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।

७. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० मा उल्लेख भए बमोजिमको (रु. १ लाख सम्मको अनुदान माग गरेका शुल्क नलाग्ने, १ लाख देखी ५ लाख सम्म अनुदान माग गरेमा रु. ३००।- र ५ लाख भन्दा बढीको अनुदान माग गरेमा रु. १०००।-) आवेदन शुल्क बुझाएको बैंक भौचर वा कार्यालयको नगदी रसिद ।

**बैंक सम्वन्धी जानकारी**

वैंकः राष्ट्रिय वाणिज्य बैंक
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र, डोटी
कार्यालय कोड नः ३१२०१७१०२७
शिर्षक नः १४२२९
प्रयोजनः अन्य प्रशासनिक सेवा शुल्क

**नोट :** माथी उल्लेखित कार्यक्रमहरुको सन्चालन प्रक्रिया तथा प्रदान गरिने सेवाहरु कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली-२०७९ (पहिलो संसोधन-२०८०) र स्वीकृत कार्यविधि बमोजिम संचालन हुने छन् ।

**आवश्यक शर्तहरु:**

१. आवेदन दिने उपभोक्ताहरु आवेदन संग सम्बन्धित कृषि पेशामा संलग्न रहेको हुनु पर्ने छ ।

२. आवेदन फाराममा भएका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नु पर्ने छ। अपुर्ण तथा अप्पष्ट रुपमा भरिएको, संलग्न गर्नु पर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

३. आवेदकले पेश गरेका प्रस्तावहरु स्विकार गर्ने वा नगर्ने अन्तिम र पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

४. प्रस्ताव फारामको नमुना यस कार्यालय र सम्वन्धित स्थानिय तहको कृषि शाखा बाट प्राप्त गर्न सकिने छ ।

थप जानकारीका लागि यस कार्यलयको सम्पर्क नं . ०९४४११२६, र मोवाइल नं ९८५८४८४१२६ वा ९८५८४९११२६ वा ९७४५५८५७७८ मा सम्पर्क गर्न सकिनेछ ।

निमित्त कार्यालय प्रमुख